# नेपाल खुला विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** परम्परागत शिक्षा पद्धतिबाट उच्च शिक्षा हासिल गर्न वञ्चित वर्ग र समुदायका व्यक्तिहरूलाई सामाजिक न्याय स्थापित गरी सिकारु केन्द्रीत शिक्षा पद्धतिमा आधारित रही त्यस्ता वञ्चित समुदाय र वर्गको रुची र राष्ट्रिय आवश्यकतालाई आत्मसात गर्दै मानविकी, पर्यटन, कानून, व्यवस्थापन, शिक्षा, प्राच्य दर्शन, तथा अन्य विषयमा खुला र दूर शिक्षाको माध्यमबाट अध्ययन, अध्यापनलाई प्रविधि र सीपमा आधारित बनाई अनुसन्धानमूलक स्वःअध्ययन सिकाई पद्धतिद्वारा गुणात्मक र स्तरयुक्त शिक्षाको अवसर सबै क्षेत्रका जनतालाई सुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको परिपूर्ति तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्पर्धी, सक्षम, सवल र प्रविधियुक्त जनशक्ति तयार गरी देशको शैक्षिक तथा प्राज्ञिक वातावरणलाई स्वच्छ, मर्यादित र उपलब्धिमूलक जीवनपर्यन्त शिक्षा प्रदान गर्न नेपाल खुला विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका- संसदको हैसियतले संविधानसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल खुला विश्वविद्यालय ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल खुला विश्वविद्यालय सम्झनु पर्दछ ।

(ख) "कार्यकारी परिषद्" भन्नाले दफा १० अनुसार गठन भएको परिषद सम्झनुपर्छ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा १२ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(घ) "पदपूर्ति समिति" भन्नाले दफा १९ बमोजिम विश्वविद्यालयलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति गर्ने समिति सम्झनु पर्दछ ।

(ङ) "डीन" भन्नाले अध्ययन संस्थानको प्रमुख सम्झनु पर्दछ ।

(च) "शिक्षक" भन्नाले विश्वविद्यालय एवं अध्ययन केन्द्रमा पूर्णकालीन वा आंशिक रूपमा शिक्षा प्रदान गर्ने गरी नियुक्त प्राध्यापक, सह-प्राध्यापक र उप प्राध्यापक वा सो सरहको विशेषज्ञ सम्झनु पर्छ ।

(छ) "अध्ययन केन्द्र" भन्नाले दफा १८ बमोजिमको शिक्षार्थी सहयोगको लागि बनाइएको पुस्तकालय र विशेषज्ञ समेत भएको स्वशासित अधिकार सम्पन्न सम्पर्क स्थान सम्झनु पर्छ ।

(ज) “कर्मचारी” भन्नाले यस ऐन बमोजिम नियुक्ति भएका कर्मचारी र विश्वविद्यालयमा नेपाल सरकारबाट काजमा खटाइका निजामति सेवाका कर्मचारीहरू समेतलाई सम्झनु पर्छ ।

(झ) “शिक्षार्थी” भन्नाले विश्वविद्यालयमा विधिवत दर्ता भई अध्ययन गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ञ) “प्राज्ञिक नियन्त्रण” भन्नाले पाठ्यक्रम, पाठ्यसामग्री, परीक्षाको नियन्त्रण सम्झनु पर्दछ ।

(ट) “दूर शिक्षा” भन्नाले संचार तथा विद्युतीय माध्यमबाट दिने शिक्षण भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २
## विश्वविद्यालयको स्थापना, काम, कर्तव्य र अधिकार

३. **विश्वविद्यालयको स्थापना**: (१) प्रविधिमा आधारित खुला एवम् दूर शिक्षाको माध्यमबाट स्वःअध्ययन सिकाई पद्धतिद्धारा जीवन पर्यन्त शिक्षा प्राप्तिको अवसर आम जनसमुदाय समक्ष पुऱ्याई परम्परागत व्यवहारिक ज्ञान र सीपको आधुनिकीकरण गर्दै दूर शिक्षा प्रणालीको सञ्चालन, संयोजन र मापदण्ड निश्चित गर्ने गरी नेपालखुला विश्वविद्यालय स्थापना गरिएको छ ।

(२) विश्वविद्यालयले आफ्नो कार्यक्रमको संचालन नेपाल भित्र र बाहिर गर्न सक्नेछ ।

(३) विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको नेपालको कुनै स्थानमा रहनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयले नेपाल बाहिर कार्यकम संचालन गर्नका लागि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

४. **विश्वविद्यालय स्वशासित संगठित संस्था हुने** : (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयलाई अंग्रेजी भाषामा Nepal Open University भनिनेछ ।

(३) विश्वविद्यालयको काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोगगर्न र दायित्व निर्वाह गर्न सक्नेछ ।

(६) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजुर गर्न र विश्वविद्यालय उपर पनि सोहीनामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद ३
## विश्वविद्यालयको संगठन तथा पदाधिकारी

५. **विश्वविद्यालयको संगठन**: विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ :-

(क) विश्वविद्यालय सभा,

(ख) कार्यकारी परिषद्,
(ग) प्राज्ञिक तथा अनुसन्धान परिषद्,
(घ) विद्यापरिषद्,
(ङ) पदपूर्ति समिति,
(च) संकायहरू,
(छ) केन्द्रहरू, र
(ज) तोकिए बमोजिमका अन्य निकायहरू ।

६. **विश्वविद्यालयका पदाधिकारीहरू :** (१) विश्वविद्यालयमा देहाएका पदाधिकारीहरू रहनेछन् :-
(क) अध्यक्ष
(ख) कुल सचिव,
(ग) डीनहरू
(घ) समन्वयकर्ताहरू, र
(ङ) तोकिए बमोजिमका अन्य पदाधिकारीहरू ।

## परिच्छेद-४
## विश्वविद्यालयसभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. **विश्वविद्यालय सभाको गठन** :(१) विश्वविद्यालयमा सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ ।
(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | विश्वविद्यालयका अध्यक्ष, | पदेन अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| (ग) | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| (घ) | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (च) | सचिव, सूचना तथा संचार मन्त्रालय | सदस्य |
| (छ) | सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| (ज) | विभिन्न विश्वविद्यालयका उपकुलपतिहरू मध्येबाट सभाद्वारा मनोनिततीन जना | सदस्य |
| (झ) | डीनहरू | सदस्य |
| (ञ) | प्राज्ञिक तथा अनुसन्धान परिषद्का प्रमुख | सदस्य |
| (ट) | अध्ययन सामग्री उत्पादन तथा प्रशारण केन्दका प्रमुख | सदस्य |
| (ठ) | गैर आवासीय नेपाली संघका अध्यक्ष वा निजले तोकेको व्यक्ति | सदस्य |
| (ड) | उद्योगपति, व्यापारी, गैर सरकारी, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, चन्दादाता, गैर नेपाली संघका चन्दादाता तथा व्यवसायीहरू मध्येबाट कम्तिमा एकजना महिला पर्ने गरी अध्यक्षद्धारा मनोनित सात जना | सदस्य |
| (ढ) | कुल सचिव | सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिमका पदेन सदस्यहरू बाहेक अन्य सदस्यहरूको मनोनयन अध्यक्षबाट हुनेछ ।

(४) मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(५) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा(३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

८.**सभाको बैठक** : (१) सभाको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुनेविषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनेछ ।

(४) सभामा कायम रहेको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा राष्ट्रिय योजना आयोगबाट प्रतिनिधित्व गर्ने सभाका सदस्यले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी सबै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिमहुनेछ ।

९. **सभाको काम, कर्तव्य र अधिकार** : (१) सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

(ख) विश्वविद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने,

(ग) विश्वविद्यालयबाट प्रदान गरिने विभिन्न उपाधिहरूनिर्धारण र प्रदान गर्ने,

(घ) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(ङ) विश्वविद्यालय सम्बन्धी नियम/विनियमहरू पारित गर्ने,

(च) विश्वविद्यालयको दीर्घकालिन योजना स्वीकृत गर्ने,

(छ) विश्वविद्यालयको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने र पारित गर्ने,

(ज) विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा शर्त निर्धारण गर्ने,

(झ) वित्तीय अनुशासन कायम राख्न र बेरुजु फर्स्यौट गर्न कार्यकारी परिषद्लाई निर्देशन दिने,

(ञ) विश्वविद्यालयको आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ट) मानार्थ उपाधि प्रदान गर्ने र

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. **कार्यकारी परिषद्को गठन** : (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयका अध्यक्ष — अध्यक्ष

(ख) डीनहरू — सदस्य

(ग) विश्वविद्यालयका प्राध्यापकहरूमध्येबाटकम्तिमा एक जना महिला पर्ने गरी अध्यक्षद्वारा मनोनित दुई जना — सदस्य

(ङ) कुल सचिव — सदस्य सचिव

(३) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले मनोनित सदस्यको पद रिक्त भएमा बाँकी अवधिका लागि उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैले निर्धारण गर्नेछ ।

११. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : (१)कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको नीति, वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,

(ग) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पतिको संचालन, संरक्षण, रेखदेख र नियन्त्रण गर्ने,

(घ) सभाको नीति निर्देशनको अधिनमा रही विश्वविद्यालयको चल, अचल सम्पति बेचबिखन गर्ने, ठेक्का पट्टा गरी दिने, लिने,

(ङ) विश्वविद्यालयद्वारा संचालित कार्यक्रमहरूको समन्वय, रेखदेख तथा निरीक्षण गर्ने र सोको प्रतिवेदन सभामा पेश गर्ने,

(च) विश्वविद्यालय सम्बन्धी नियमहरूको मस्यौदा तयार गरी स्वीकृतिका लागि सभामा पेश गर्ने,

(छ) डीनहरू र प्रमुखहरू नियुक्तिका लागि सिफारिस गर्ने,

(ज) विश्वविद्यालयमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरूको नेपाल सरकारबाट सहमति लिई दरवन्दी सिर्जना गर्ने र पदपूर्ति समितिको सिफारिसमा नियुक्ति र बढुवा गर्ने,

(झ) विश्वविद्यालयलाई प्राप्त दान, दातव्य, आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ञ) विद्यार्थी शुल्क, अध्ययन सामग्रीको मूल्य निर्धारण गर्ने तथा विश्वविद्यालयले प्रदान गर्ने अन्य सेवा शुल्क निर्धारण गर्ने,

(ट) अध्ययन केन्द्रहरू तोकिए बमोजिम निर्धारण गर्ने,

(ठ) विश्वविद्यालयमा वित्तीय अनुशासन कायम राख्ने र बेरुजु फर्स्यौट गर्ने गराउन,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

परिच्छेद-६

## प्राज्ञिक परिषद्‌को गठन तथा काम, कर्तव्य र अधिकार

१२. **प्राज्ञिक परिषद्‌को गठनः** (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्ने निकायको रूपमा काम गर्न एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) प्राज्ञिक परिषद्‌को गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कुल सचिव | अध्यक्ष |
| (ख) | डीनहरू | सदस्य |
| (ग) | प्रमुख, अध्ययन सामग्री उत्पादन तथा प्रशारण केन्द्र | सदस्य |
| (घ) | खुला तथा दूर शिक्षासम्बन्धी विशेषज्ञमध्येबाट दुई जना | सदस्य |
| (ङ) | विषय विज्ञकोरूपमा कार्यरत विज्ञहरूबाट कम्तिमा दुई जनामहिला पर्ने गरी पाँच जना | सदस्य |
| (च) | डीनहरू मध्येबाट अध्यक्षले तोकेको डीन | सदस्य-सचिव |

(३) पदेन सदस्यहरू वाहेक अन्य सदस्यहरूको मनोनयन कार्यकारी परिषद्‌को सिफारिसमा अध्यक्षबाट हुनेछ ।

(४) कुनै कारणले प्राज्ञिक परिषद्‌का मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) प्राज्ञिक परिषद्‌को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मको लागि बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **प्राज्ञिक परिषद्‌को काम, कर्तव्य र अधिकार** : (१)प्राज्ञिक परिषद्‌को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विश्वविद्यालयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने,

(ख) पाठ्यभार हस्तान्तरण (क्रेडिट ट्रान्सफर) र पाठ्यभार संचय (क्रेडिट एक्यूमूलेशन) सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ग) अनुसन्धान र शैक्षिक कार्यक्रम सम्बन्धी नीति तर्जूमा गर्ने र अनुसन्धान कार्यक्रमहरूलाई स्वीकृति प्रदान गर्ने,

(घ) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने शैक्षिक र गैर शैक्षिक कार्यक्रमको मुल्याङ्कन विधि र परीक्षाको किसिम तोक्ने,

(ङ) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषयहरूमा भर्ना सम्बन्धी योग्यता र भर्ना हुने आधार तोक्ने,

(च) विश्वविद्यालयले प्रदान गर्ने उपाधिहरूको व्यवस्था गर्ने,

(छ) खुला तथा दूर शिक्षा पद्धतिबाट सञ्चालन हुने कार्यक्रमको मापदण्ड, स्तर निर्धारण एवं समकक्षता निर्धारण गर्ने,

(ज) प्राज्ञिक विषयमा कार्यकारी परिषद्‌लाई राय सल्लाह दिने,

(झ) मानार्थ उपाधिका लागि सिफारिस गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

परिच्छेद-७

## संकाय, अनुसन्धान केन्द्रतथा अन्य निकाय

१४. **संकायः**(१) विश्वविद्यालयबाट सञ्चालन गरिने उच्च शिक्षाको लागि मानविकी, कानून, व्यवस्थापन, सूचना प्रविधि र शिक्षाशास्त्र विषयका संकायहरू रहन सक्नेछन ।

(२) उपदफा (१) अनुसार संकाय गठन गर्दा संकाय अन्तर्गत संचालन हुने कार्यक्रम र विद्यार्थी संख्या समेतका आधारमा संकाय गठन हुनेछ ।

तर, पर्याप्त विद्यार्थी तथा कार्यक्रम नभएसम्मका लागि एउटै संकायबाट एक भन्दा बढी शैक्षिक कार्यक्रम संचालन गर्न सकिनेछ ।

(३) संकायहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. **अध्ययन सामग्री उत्पादन तथा प्रशारण केन्द्र** : (१) विश्वविद्यालय अन्तर्गत अध्ययन, अध्यापन तथा अनुसन्धान सम्बन्धी अध्ययन सामग्रीहरूको उत्पादन तथा प्रशारण गर्नका लागि एक अध्ययन सामग्री उत्पादन तथा प्रशारण केन्द्र रहनेछ ।

(२) अध्ययन सामग्री उत्पादन तथा प्रशारण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. **प्राज्ञिक तथाअनुसन्धान केन्द्रः** (१) विश्वविद्यालयले मानविकी, कानून व्यवस्थापन, सूचना प्रविधि र शिक्षा लगायत विषयमा अनुसन्धान गर्नको लागि आवश्यकतानुसार अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) अनुसन्धान केन्द्रको स्थापना, काम, कर्तव्य र अधिकार तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **विद्यापरिषद्:** (१) प्रत्येक संकायमा शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरूको सञ्चालनको लागि तोकिए बमोजिम एक विद्यापरिषद् रहनेछ ।

(२) विद्यापरिषद् अन्तर्गत तोकिए बमोजिमका विषय समितिहरू रहनेछन् ।

(३) विद्यापरिषद् र सो अन्तर्गत रहने समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१८. **अध्ययन केन्द्र** (१)विश्वविद्यालयले शैक्षिक र गैर शैक्षिक कार्यक्रमहरूको सञ्चालन, समन्वय, सल्लाह, सुझाव प्रदान गर्ने लगायतप्रयोगात्मक कक्षा सञ्चालन गर्न कार्यविधि तथा प्रक्रिया पूरा गरेरजनसंख्या, भौगोलिक बनौट र शैक्षिक पूर्वाधार समेतलाई आधार लिई नेपाल भित्र पाँच स्थानमा अध्ययन केन्द्र स्थापना गर्नेछ ।

(२) अध्ययन केन्द्रको प्रमुखको रूपमा एक जना समन्वयकर्ता रहने छ ।

(३) अध्ययन तथा सम्पर्क केन्द्रको संचालन तथा अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद-८**

## पदपूर्ति समिति

१९. **पदपूर्ति समितिको गठनः**(१) कानूनद्धारा अर्को व्यवस्था नभएसम्मका लागि विश्वविद्यालयको प्राध्यापक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्नएक पदपूर्ति समिति रहनेछ ।

(२) पदपूर्ति समिति को गठन देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारबाट नियुक्त व्यक्ति -प्रमुख

(ख) लोकसेवा आयोगको सदस्य -सदस्य

(ग) निवृत्त प्राध्यापकहरू मध्येबाट एकजना -सदस्य

(३) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमका प्रमुख र सदस्यको नियुक्तिको लागि सिफारिस पेश गर्न विश्वविद्यालयका अध्यक्षबाट शिक्षा सचिवको अध्यक्षतामा सभाका दुईजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारबाट पदपूर्ति समितिको प्रमुख र सदस्यको पदमा नियुक्ति गर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त प्रमुख तथा सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) पदपूर्ति समितिको प्रमुख र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(७) पदपूर्ति समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मको लागि बैठक सम्बन्धी कार्यविधि पदपूर्ति समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-९

## विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी

२०. **अध्यक्ष** : (१) अध्यक्ष विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको पदमा नियुक्तिको लागि सिफारिस गर्न शिक्षा मन्त्रालयलले सभामा राष्ट्रिय योजना आयोगबाट प्रतिनिधित्व गर्ने सदस्यको अध्यक्षतामा सभाका सदस्य समेत रहेका शिक्षा सचिव सदस्य सचिव रहने गरी सभाका सदस्यहरू मध्येबाट तीन सदस्यीय एक समिति गठन गर्नेछ ।

(३) उपदफा (२) अनुसार गठित समितिले अध्यक्ष पदमा नियुक्तिका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि हासिल गरी विश्वविद्यालयको प्राध्यापक पदमा कम्तिमा ५ वर्ष काम गरी दुईवटा अनुसन्धानमूलक जर्नल (लेख) प्रकाशित गरेको नेपाली नागरिकबाट आफ्नो वायोडाटा र नेपाल भित्रको विश्वविद्यालयमा कार्यरत कम्तिमा ३ जना प्राध्यापकहरूले उपकुलपतिका लागि उपयुक्त उम्मेद्वार भनी सिफारिस गरेको सिफारिसपत्र सहित पन्ध्र दिनको म्याद तोकी अनुसूची (१) अनुसारको चार वर्षे कार्य योजना सहितको गोप्य प्रस्ताव पेश गर्न सार्वजनिक सूचना जारी गर्नेछ ।

(४) समितिले प्राप्त प्रस्तावहरू मध्ये प्रारम्भिक छानवीन गरी उपयुक्त देखिएका बढीमा पाँचवटा प्रस्ताव छनौट गर्नेछ ।

(५) समितिले उपदफा (४) अनुसार छनौट भएका प्रस्तावहरूको मूल्याङ्कन गर्न शिक्षाविद्हरूको रोष्टर तयार गरी रोष्टरमा रहेका शिक्षाविद्हरू मध्ये तीन जनाबाट अनुसूची (२) अनुसार छुट्टा छुट्टै मूल्याङ्कन गराई तीनजनाबाट प्राप्त अंकभारलाई औसतमा निकाली सबैभन्दा बढी अंक प्राप्त गर्ने व्यक्तिलाई अध्यक्ष पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(६) उपदफा (५) अनुसार अध्यक्षका लागि सिफारिस गर्दा निजले पेश गरेको कार्ययोजनाका आधारमा अध्यक्षको कार्यविवरण तयार गरी नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । नेपाल सरकारले कार्यविवरण तोकी अध्यक्ष पदमा नियुक्ति दिनेछ र कार्यविवरणको आधारमा निजको हरेक वर्षको कार्यसम्पादन मूल्याङ्न हुनेछ ।

(७) समितिको अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) समितिलाई आवश्यक पर्ने बैठक भत्ता, मसलन्द खर्च र प्रस्ताव मुल्याङ्कन वापतको रकम अर्थ मन्त्रालयको स्वीकृत नर्मस अनुसार हुनेछ ।

(९) विश्वविद्यालयको सबै काम कारबाही अध्यक्षको सामान्य नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम कारबाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ ।

(१०) अध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(११) अध्यक्षले प्रत्येक वर्ष आफूले पेश गरेको चार वर्षे कार्ययोजनामा आधारित रही अनुसूची (३) अनुसारको ढाचाँमा कार्यसम्पादन फाराम भरी प्रत्येक आर्थिक वर्षकोश्रावण मसान्तभित्र शिक्षा मन्त्रालयमा समक्ष पेश गर्नुपर्नेछ । शिक्षा मन्त्रालयले प्राप्त कार्य सम्पादन फाराम मुल्याङ्कनका लागि उपदफा (२) अनुसारको समितिमा पठाउनेछ र समितिका पदाधिकारीले छुट्टाछुट्टै मूल्याङ्कन गरी मूल्याङ्कनबाट औसतमा कार्यसम्पादन पचास प्रतिशत भन्दा कम अंक देखिएमा समितिले शिक्षा मन्त्रालय समक्ष पेश गर्नेछ ।

(१२) अध्यक्षले चार वर्ष अवधिमा गरेको कार्यसम्पादनमा औसतमा साठी प्रतिशत भन्दा बढी भएमा निजलाई सो विश्वविद्यालयको अध्यक्ष पदमा पुनः नियुक्ति गर्न बाधापर्ने छैन ।

(१३) अध्यक्षले सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(१४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू बाहेक अन्य कामहरू अध्यक्षले गर्नेछ । त्यसरी अध्यक्षले कुनै काम गरेकोमा त्यस्तो कामको जानकारी तुरुन्त नेपाल सरकारलाई गराई लगत्तै बस्ने सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

(१५) अध्यक्ष, निजको पदमा कार्यरत रहन सक्ने अवस्था नभएमा सो अवधि सम्मका लागि निजको काम नेपाल सरकारबाट व्यवस्था भए बमोजिम हुनेछ ।

(१६) कार्यकारी परिषद्बाट सिफारिस भए अनुसार डीन र प्रमुखहरूको नियुक्ति अध्यक्षबाटहुनेछ ।

(१७) अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

२१. **कुलसचिवः** (१) विश्वविद्यालयको कुलसचिवको पदमा नेपाल सरकार, शिक्षा सेवाको रा.प.प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई शिक्षा मन्त्रालयले खटाउनेछ ।

(२) कुलसचिव विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) विश्वविद्यालयको आर्थिक र कर्मचारी प्रशासन कुलसचिवको रेखदेखमा रहनेछ ।

(४) कुलसचिवको अन्य काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू

तोकिए बमोजिम हुनेछ ।

२२. **डीन**: (१) प्रत्येक संकायको प्रमुखका रूपमा डीन रहनेछ ।

(२) डीनको नियुक्ति कार्यकारी परिषद्को सिफारिसमा अध्यक्षबाट हुनेछ ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ ।

(४ डीनले आफू अन्तर्गतको अध्ययन केन्द्रका कार्यक्रम सञ्चालन सम्बन्धमा तोकिए बमोजिम विज्ञ समिति र विषय समिति निर्माण गर्न सक्नेछ ।

(५) प्रत्येक संकायका डीन मातहत परीक्षा संचालन, समन्वय र परीक्षाफल प्रकाशन लगायतपरीक्षा सम्बन्धी सम्पूर्ण काम कारवाही संचालन गर्न तोकिए बमोजिमको परीक्षा समन्वय समिति रहनेछ ।

(६) डीनको अन्य काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

२३. **निर्देशकः** (१) विश्वविद्यालयको अनुसन्धान केन्द्र र अध्ययन सामग्री उत्पादन तथा प्रशारण केन्द्र को प्रमुखको रूपमा काम गर्न छुट्टा छुट्टै निर्देशक रहनेछन् । अनुसन्धान केन्द्रका निर्देशकले अनुसन्धानको साथै शिक्षण पद्धति र मूल्याङ्गन पद्धतिको समेत रेखदेख र समन्वय गर्नेछ ।

(२) निर्देशकहरूको नियुक्ति कार्यकारी परिषद्को सिफारिसमा अध्यक्षले गर्नेछ ।

(३) निर्देशकको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४ **समन्वयकर्ता**:- (१) विश्वविद्यालयले स्वीकृत गरेका अध्ययन केन्द्रहरूको संचालन र समन्वय गर्न प्रत्येक अध्ययन केन्द्रमा एक जना समन्वयकर्ताका रहनेछन ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोपाधि हासिल गरी विश्वविद्यालय तहको शिक्षण पेशामा कम्तिमा १० वर्ष अनुभव हासिल गरी सह प्राध्यापक भइसकेका व्यक्तिहरू मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा विश्वविद्यालयका कुलसचिवबाट समन्वयकर्ताको नियुक्ति हुनेछ ।

(३) समन्वयकर्ताको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

२५. **निलम्बन सम्बन्धी व्यवस्था** : (१) विश्वविद्यालयका कुनै पदाधिकारीलाई अनियमितता वा नैतिक पतन देखिने अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ अधिकारीले देहाय अनुसारका कुनै कारण खुलाई निज पदाधिकारीलाई निलम्बन गर्न सिफारिस गरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म विश्वविद्यालयका अध्यक्ष, पदपूर्ति समितिको प्रमुख र सदस्य तथा कुलसचिवको हकमा नेपाल सरकारले र अन्य पदाधिकारीहरूको हकमा अध्यक्षले निलम्बन गर्न सक्नेछ ।

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदा झुट्टा सबुत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायव गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा विश्वविद्यालयलाई हानी नोक्सानी हुने सम्भावना देखिएमा ।

२६. **पदबाट हटाउन सकिने** : (१) विश्वविद्यालयका अध्यक्ष, पदपूर्ति समितिका प्रमुखले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेको सदस्य संख्याको एक चौथाई सदस्यहरूले निजलाई पदबाट हटाउन शिक्षा मन्त्रालय समक्ष लिखित निवेदन दिएमा शिक्षा मन्त्रालयले

सभाको कुनै सदस्यको अध्यक्षतामा सभाको सदस्य र शिक्षा मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा आवश्यक छानविन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन विश्वविद्यालय सभा समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाले विश्वविद्यालयका अध्यक्ष, पदपूर्ति समितिको प्रमुखलाई पदबाट हटाउन सिफारिस गरेमा नेपाल सरकारले त्यस्तो विश्वविद्यालयको अध्यक्ष वा पदपूर्ति समितिको प्रमुखलाई पदबाट हटाउनेछ ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(६) अध्यक्ष वा छनौट समितिका अध्यक्ष बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोपमा छानविन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानविन शुरु भएमा त्यसको अन्तिम निर्णय नभएसम्मको लागि निजले आफू बहाल रहेको पदको काम गर्न पाउने छैन ।

(८) विश्वविद्यालयका अध्यक्षले नियुक्ति सिफारिसका लागि पेश गरेको कार्य योजना अनुसार काम सम्पादन गर्न नसकेको र कार्यसम्पादन मूल्याङ्कनमा वार्षिक पचास प्रतिशत भन्दा कम अंक देखिएमा नेपाल सरकारले जुनसुकै बखत विश्वविद्यालयको अध्यक्षलाई अवकास दिन सक्नेछ ।

२७. **शिक्षक रकर्मचारी सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालयमा आवश्यक संख्यामा शिक्षक र कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(३ विश्वविद्यालयले आफ्ना अध्ययन केन्द्रहरूमा बढीमा एक शैक्षिक सत्रका लागि कोर्ष करारमा स्रोत शिक्षकहरूको व्यवस्था गर्नसक्नेछ ।

(४) विश्वविद्यालयमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरूको पद सिर्जना गर्दा नेपाल सरकारको स्वीकृति अनिवार्य रूपमा लिनुपर्नेछ ।

(५) नेपाल सरकारको कुनै पदमा कार्यरत निजामति सेवाका कर्मचारीहरू विश्वविद्यालयको सेवामा जान चाहेमा निजको रुची,विश्वविद्यालयको आवश्यकता र निजको शैक्षिक योग्यता समेतलाई आधार बनाई एक तह बढुवा सहित उक्त विश्वविद्यालय सेवामा जान दिन सकिनेछ । यसरी विश्वविद्यालय सेवामा गएका कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी दायित्व विश्वविद्यालयमा स्वतः सर्नेछ ।

## परिच्छेद १०

## विश्वविद्यालयको कोष, लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

२८. **विश्वविद्यालयको कोष** : (१) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायअनुसार प्राप्त रकमहरू जम्मा गरिनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी तथा विदेशी दातृ संस्थाबाट प्राप्त रकम,

(ग) मासिक शुल्क र अध्ययन सामग्रीको विक्रीबाट उठेको रकम,
(घ) विश्वविद्यालयको ऋण सापटी,
(ङ) विश्वविद्यालयले आर्जेको सम्पत्ती, व्याज र लगानीको प्रतिफल र
(च) अन्य श्रोतबाट प्राप्त ।

(२) विश्वविद्यालयलाई प्राप्तभएको सबै रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) विश्वविद्यालयका लेखा प्रमुख र कुलसचिव वा निजले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट खाता संचालन गरिनेछ ।

(४) विश्वविद्यालयले गर्नु वा व्यहोर्नु पर्ने खर्चहरू स्वीकृत बजेट वमोजिम विश्वविद्यालय कोषवाट व्यहोरिनेछ ।

(५) विश्वविद्यालयको आय व्ययको हिसाव किताव राख्ने ढाँचा नेपाल सरकारले तोके वमोजिमको ढाँचामा हुनेछ ।

(६) उपदफा १ को खण्ड (ख) बमोजिम विदेशी दातृ संस्थाबाट रकम प्राप्त गर्नु अघि र सोही उपदफाको खण्ड (घ) बमोजिम विश्वविद्यालयले ऋण प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(७) वित्तीय अनुशासन राख्न विश्वविद्यालय सभाले सो सम्बन्धी नीति लागू गर्नु पर्नेछ ।

२९. **लेखा र लेखापरीक्षण:**(१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) विश्वविद्यालयको आर्थिक कारोवारको आन्तरिक नियन्त्रण प्रणाली तोकिए बमोजिम हुनेछ ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद ११
## विविध

३०. **वार्षिक प्रतिवेदन** :विश्वविद्यालय सभाको वार्षिक बैठकमा कुलसचिवले आर्थिक तथा अन्य प्रगति प्रतिवेदनहरू पेश गर्ने र पारित गर्ने काम गराउनु पर्नेछ ।

३१. **शिक्षण पद्धति** :(१) विश्वविद्यालयबाट संचालन हुने शैक्षिक कार्यक्रमहरूमा देहाय बमोजिम शिक्षण पद्धति हुनेछ ।

(क) पत्राचार, रेडियो, टेलिभिजन, टेलिफोन, इमेल, इन्टरनेट, पत्रपत्रिका आदि आम सञ्चारका साधनबाट,
(ख) अध्ययन केन्द्र वा सिकाई केन्द्रमा संचालन गरिने सम्पर्क कक्षाहरूबाट,
(ग) शिक्षार्थी र शिक्षकको व्यक्तिगत तथा सामूहिक सम्पर्कबाट,
(घ) शिक्षार्थी समूहको स्वःशिक्षण संचालनको माध्यमबाट र
(ङ) विश्वविद्यालयले विकास एवं परिचालन गरेको सिकाइ सामग्रीहरूबाट (श्रव्य दृश्य, स्वःअध्ययन सामग्रीहरू) ।

(च) स्व:अध्ययन सामग्रीहरू, कन्फरेन्स, कार्यशाला गोष्ठी ।

(छ) प्रयोगमा आएका र प्रयोगमा आउन सक्ने अन्य नविनतम प्रविधिको माध्यमबाट ।

३२. **मूल्यांकन** :(१) विश्वविद्यालयले संचालन गरेका शैक्षिक कार्यक्रमहरूमा शिक्षार्थीको सिकाइ उपलब्धी मूल्यांकन गर्न निम्न पद्धति अवलम्बन गरिनेछ :

(क) लिखित तथा मौखिक परीक्षा लिने,

(ख) शिक्षार्थीलाई व्यक्तिगत वा सामुहिक रूपमा मूल्यांकन सम्बन्धी गोष्ठी एवं कार्यशाला गराउने,

(ग) शिक्षार्थीको अभिरुची, पाठको आबश्यकता र विकासका समस्याहरूलाई ध्यानमा राखी स-साना अनुसन्धानमुखी परियोजनाहरू संचालन गर्ने र ती परियोजनाका प्रतिवेदनहरू अध्ययन केन्द्रहरूमा छलफल गर्ने,

(घ) पाठ्यक्रमसंग सम्बन्धित विषयमा सम्बन्धित संस्थामा काम गरेको अनुभवको मूल्यांकन गर्ने,

(ङ) प्रयोगात्मक परीक्षा र

(च) सम्पर्क कक्षामा नियमित हाजिर, छलफलमा सक्रियता र गृहकार्यको माध्यम।

३३. **गुणस्तर नियन्त्रण:** विश्वविद्यालयद्धारा संचालित शैक्षिक कार्यक्रमहरूको गुणस्तर कायम राख्न विश्वविद्यालय अनुदान आयोगले विज्ञहरूको समूह बनाई जाँचबुझ गराई विज्ञहरूको राय सुझाव अनुसार गुणस्तर कायम राख्न विश्वविद्यालयलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन पालना गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ ।

३४. **अधिकार प्रत्यायोजन** : (१) यो ऐन र यस ऐनअन्तर्गत बनेका नियम विनियममा अन्यथा लेखिएमा वाहेक सम्पूर्ण अधिकार विश्वविद्यालय सभामा हुनेछ ।

(२) विश्वविद्यालय सभाको सिफारिसमा बनेका समितिहरूलाई ऐन, नियम र विनियममा उल्लेख गरिएका अधिकारहरू प्रत्यायोजन गर्न सकिनेछ ।

३५. **प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने:** (१) तोकिएको विषयमा शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि दिन र अनुसन्धात्मक कार्य गर्ने तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(२) विश्वविद्यालयले कुनै विदेशी खुला विश्वविद्यालय वा सो सरहका शैक्षिक संस्थाको शैक्षिक उपाधिलाईस्तर निर्धारण गरी समकक्षाता प्रदान गर्नेछ ।

३६. **राष्ट्रिय शिक्षा नीति अनुरूपकार्य गर्ने** : नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति अनुरूप कार्य संचालन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ ।

३७. **निर्देशन दिन सक्ने** : शिक्षा मन्त्रालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ ।

३८. **काम कारवाही बदर नहुने** : विश्वविद्यालयको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

३९. **<u>असल नियतले गरेको काममा बचाउ</u>** : यो विधेयक वा यस विधेयक अन्तर्गत बनेका नियम बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कारवाही गरिने छैन ।

४०. **<u>नियम बनाउने अधिकार</u>** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न विश्वविद्यालयले यो ऐनको अधिनमा रही आवश्यक नियम बनाउन सक्नेछ तर नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कार्य गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

४१. **<u>विघटन हुँदाको परिणाम</u>** : विश्वविद्यालय विघटन भएमा यसको सम्पूर्ण सम्पत्ती, दायित्व र अधिकार नेपाल सरकारमा स्वतः सर्नेछ ।

४२. **<u>अन्य विश्वविद्यालयसंगको सम्वन्ध</u>** : यस विश्वविद्यालयले विश्वभरिकै खुला विश्वविद्यालयसंग संयोजन गरी आर्थिक, शैक्षिक र भौतिक क्षेत्रमा उपलब्धिपूर्ण कार्य गर्न सक्नेछ र खास गरेर सार्क क्षेत्रका खुला विश्वविद्यालयहरूसंग संयोजन गरी आफ्ना कार्यक्रमहरू संचालन गर्नेछ ।

४३. **<u>नेपाल भित्रका विश्वविद्यालयसंग सम्बन्ध</u>** : विश्वविद्यालयले नेपालका अन्य विश्वविद्यालयसंग शैक्षिक क्षेत्रमा सहकार्य गर्नुपर्नेछ ।

४४. **<u>खारेजी र बचाउ</u>** : (१) देहाय अनुसारको गठन आदेश खारेज गरिएको छ ।

(क) खुला विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०६९

(ख) खुला विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०६९ अनुसार भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ र उक्त समितिको चल अचल सम्पति नेपाल खुला विश्वविद्यालयमा स्वतः स्थानान्तरण हुनेछ ।

अनुसूची १

**कार्यसम्पादन योजना सहितको दरखास्त फाराम**

श्री अध्यक्षज्यू
नेपाल खुला विश्वविद्यालय अध्यक्ष सिफारिस समिति
शिक्षा मन्त्रालय
सिंहदरवार ।

मिति ......................प्रकाशित सूचना अनुसार नेपाल खुला विश्वविद्यालयको रिक्त अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गरिदिन देहाय अनुसारको ४ वर्ष अवधिको कार्यसम्पादन योजना सहित निवेदन गरेको छु ।

निवेदक,
दस्तखतः
नामः
ठेगानाः

**(१) शैक्षिक योजनाः-**

(क) शैक्षिक क्यालेन्डर लागु गरी नियमित गर्ने कार्ययोजना,
(ख) प्राज्ञिक वातावरणलाई स्वच्छ, र मर्यादित गर्ने कार्ययोजना,
(ग) विश्वविद्यालयलाई सूचना प्रविधिमा आधारित गराउने कार्ययोजना,
(घ) पाठ्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी कार्ययोजना,
(ङ) शैक्षिक गुणस्तर कायम राख्न गरिने कार्ययोजना,
(च) विश्वविद्यालयको इज्जत तथा प्रतिष्ठा राख्ने कार्ययोजना,
(छ) परीक्षा प्रणाली र परीक्षालाई मर्यादित राख्ने कार्ययोजना,
(ज) विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय आवश्यकता पूर्ति, अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउने कार्ययोजन ,
(झ) विश्वविद्यालयको जनशक्तिलाई चुस्त, मर्यादित, अनुशासित बनाउने कार्ययोजना,
(ञ) अन्य विश्वविद्यालयसंग गरिने सहकार्य, समन्वय र सहयोग सम्बन्धी कार्ययोजना,

**(२) आर्थिक योजना** :-

(क) विश्वविद्यालयको आर्थिक क्षमता मजवुद बनाउने कार्ययोजना,
(ख) वित्तीय अनुशासन कायम राख्ने योजना,
(ग) आन्तरिक तथा बैदेशिक सहयोग जुटाउने सम्बन्धी कार्ययोजना,
(घ) विश्वविद्यालयको नियमित लेखापरीक्षण र वेरुजु फर्स्यौटका लागि कार्ययोजना,
(ङ) विश्वविद्यालयलाई आत्मनिर्भर गराउने उपायको कार्ययोजना ।

**(३) अन्य योजनाः-**

(क) शैक्षिक कार्यक्रमहरूको विकास र विस्तार सम्बन्धी कार्ययोजना,
(ख) संगठनात्मक क्षमता विकास र विस्तार सम्बन्धी कार्ययोजना,
(ग) आफनो आचरण सम्बन्धीकार्ययोजना,
(घ) मातहतका पदाधिकारीको आचरण सम्बन्धी कार्ययोजना,
(ङ) आफ्नै प्रयासमा थालनी गर्न सकिने अन्य कार्य योजना ।

(उल्लेखित कार्ययोजना शीर्षक अन्तर्गत रहेर विस्तृत प्रस्ताव सहित आफ्नो वायोडाटा र नागरिकता प्रमाणपत्रको छायाँ प्रति सहित पेश गर्नुपर्ने)

नुसूची २

# विश्वविद्यालयका अध्यक्षको कार्यसम्पादन योजनामूल्याङ्कन फाराम

| **शैक्षिक योजना-५०** | | **आर्थिक योजना-२५** | | **विविध-२५** | |
|---|---|---|---|---|---|
| **शीर्षक** | **शीर्षक** | **पूर्णाङ्क** | | **शीर्षक** | **पूर्णाङ्क** |
| शैक्षिक क्यालेन्डर लागू गरी नियमित गर्ने कार्ययोजना | ५ | विश्वविद्यालयको आर्थिक क्षमता मजवुत बनाउने कार्ययोजना | ५ | शैक्षिक कार्यक्रमहरूको विकास र विस्तार सम्बन्धी कार्ययोजना | ५ |
| प्राज्ञिक वातावरणलाई स्वच्छ, र मर्यादित गर्ने कार्ययोजना | ५ | वित्तीय अनुशासन कायम राख्ने योजना | ५ | संगठनात्मक क्षमता विकास र विस्तार सम्बन्धी कार्ययोजना | ५ |
| विश्वविद्यालयलाई सूचना प्रविधिमा आधारित गराउने कार्ययोजना | ५ | आन्तरिक तथा बैदेशिक सहयोग जुटाउने सम्बन्धी कार्ययोजना | ५ | आफनो आचरण सम्बन्धी कार्ययोजना | ५ |
| पाठ्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी कार्ययोजना | ५ | विश्वविद्यालयको नियमित लेखा परीक्षण र वेरुजु फर्स्यौटका लागि कार्ययोजना | ५ | मातहतका पदाधिकारीको आचरण सम्बन्धी कार्ययोजना | ५ |
| शैक्षिक गुणस्तर कायम राख्न गरिने कार्ययोजना | ५ | विश्वविद्यालयलाई आत्मनिर्भर गराउने उपायको कार्ययोजना | ५ | आफ्नै प्रयासमा थालनी गर्न सकिने अन्य कार्य योजना | ५ |
| विश्वविद्यालयको इज्जत तथा प्रतिष्ठा राख्ने कार्ययोजना | ५ | | | | |
| परीक्षा प्रणाली र परीक्षालाई मर्यादित राख्ने कार्ययोजना | ५ | | | | |
| विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय आवश्यकता पूर्ति, अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउने कार्ययोजना , | ५ | | | | |
| विश्वविद्यालयको जनशक्तिलाई चुस्त, मर्यादित, अनुशासित बनाउने कार्ययोजना | ५ | | | | |
| अन्य विश्वविद्यालयसंग गरिने सहकार्य, समन्वय र सहयोग सम्बन्धी कार्ययोजना | ५ | | | | |

अनुसूची ३

## नेपाल खुला विश्वविद्यालयका अध्यक्षले बार्षिक रूपमा भर्नुपर्ने कार्यसम्पादन मूल्याङ्कन फाराम

**नामः-** **कार्य सम्पादन फाराम पेश गरेको मितिः-**
**अध्यक्षको पदमा नियुक्ति मितिः-** **पद कायम रहने मितिः-**
**कार्य सम्पादन मूल्याङ्गनको अवधिः- मिति....................श्रावण महिनादेखि मिति ........असार मसान्तसम्म ।**

### शैक्षिक योजना अन्तर्गत सम्पादित कार्यहरू

| क.स. | कार्यक्रम | कार्ययोजना प्रस्तावमा घोषणा गरेका कार्यक्रमहरू | सम्पादन गरेका मुख्य मुख्य कार्यहरू | आफूले घोषणा गरे अनुसार भए गरेका कार्यहरूको प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | शैक्षिक क्यालेन्डर लागू गरी नियमित गर्ने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| २ | प्राज्ञिक वातावरणलाई स्वच्छ र मर्यादित गर्ने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ३ | विश्वविद्यालयलाई सूचना प्रविधिमा आधारित गराउने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ४ | पाठ्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ५ | शैक्षिक गुणस्तर कायम राख्न गरिने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ६ | विश्वविद्यालयको इज्जत तथा प्रतिष्ठा राख्ने कार्ययोजना | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |

| | | | | |
|---|---|---|---|---|
| | | ४.<br>५ | ४.<br>५ | |
| ७ | परीक्षा प्रणाली र परीक्षालाई मर्यादित राख्ने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ८ | विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय आवश्यकता पूर्ति, अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ९ | विश्वविद्यालयको जनशक्तिलाई चुस्त, मर्यादित, अनुशासित बनाउने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| १० | अन्य विश्वविद्यालयसंग गरिने सहकार्य, समन्वय र सहयोग सम्बन्धी कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |

**आर्थिक योजना अन्तर्गत सम्पादित कार्यहरू**

| क.स. | कार्यक्रम | कार्ययोजना प्रस्तावमा घोषणा गरेका कार्यक्रमहरू | सम्पादन गरेका मुख्य मुख्य कार्यहरू | आफूले घोषणा गरे अनुसार भए गरेका कार्यहरूको प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | विश्वविद्यालयको आर्थिक क्षमता मजवुद बनाउने कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| २ | वितीय अनुशासन कायम राख्ने योजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ३ | आन्तरिक तथा बैदेशिक सहयोग जुटाउने सम्बन्धी | १.<br>२. | १.<br>२. | |

| | | | | |
|---|---|---|---|---|
| | कार्ययोजना | ३.<br>४.<br>५ | ३.<br>४.<br>५ | |
| ४ | विश्वविद्यालयको नियमित लेखा परीक्षण र वेरुजु फस्यौटका लागि कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |
| ५ | विश्वविद्यालयलाई आत्मनिर्भर गराउने उपायको कार्ययोजना | १.<br>२.<br>३.<br>४.<br>५ | १.<br>२.<br>३.<br>४.<br>५ | |

**अन्य योजना अन्तर्गत सम्पादित कार्यहरू**

| क.स. | कार्यक्रम | कार्ययोजना प्रस्तावमा घोषणा गरेका कार्यक्रमहरू | सम्पादन गरेका मुख्य मुख्य कार्यहरू | आफूले घोषणा गरे अनुसार भए गरेका कार्यहरूको प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | शैक्षिक कार्यक्रमहरूको विकास र विस्तार सम्बन्धी कार्ययोजना | | | |
| २ | संगठनात्मक क्षमता विकास र विस्तार सम्बन्धी कार्ययोजना | | | |
| ३ | आफनो आचरण सम्बन्धी कार्ययोजना | | | |
| ४ | मातहतका पदाधिकारीको आचरण सम्बन्धी कार्ययोजना | | | |
| ५ | आफ्नै प्रयासमा थालनी गर्न सकिने अन्य कार्य योजना | | | |

**यस अवधिमा सम्पादन गरेको अन्य कुनै राम्रा कार्यहरू भए ती कार्यहरूको विवरण:-**

**१.**

**२.**

**३.**

**तोकिए अनुसारका कार्यहरू सम्पादन हुन नसकेको भए ती कार्यहरू र कारणहरू:-**

| **क.स.** | **कार्यहरू** | **कारण** |
|---|---|---|
| **१.** | | |
| **२.** | | |
| **३.** | | |
| **४.** | | |
| **५** | | |

दस्तखतः-

मितिः-

(नोटः-कार्यसम्पादन मुल्याङ्न गर्दा घोषणा गरेको चार वर्षको कार्यसम्पादनलाई सय अंक प्रदान गर्ने गरी प्रत्येक वर्षका लागि पच्चीस अंक कायम गर्ने र  उक्त पच्चीस अंकलाई सय प्रतिशत मानी समितिका तीनजनाबाट प्राप्त अंकलाई औसतमा निकाली कार्यसम्पादन मूल्याङ्कन वापतको नम्बर कायम गरिनेछ ।

| **कार्यसम्पादन मूल्याङ्कन प्रयोजनका लागि मात्र** |
|---|
| कार्यसम्पादन वापत प्राप्त अंक (अंकमा) :-<br><br>कार्यसम्पादन वापत प्राप्त अंक (अक्षरमा) :- |
| मूल्याङकनकर्ताहरूको नाम र दस्तखतः-<br><br>१<br><br>२<br><br>३ |
| मुल्याङकनकर्ताहरूको टिप्पणीः- |